## मिति २०८३ भदौ १ गते सोमबार बसेको सचिव बैठकका निर्णयहरू:

१. गत सचिव बैठकबाट भएका निर्णयहरूको कार्यान्वयनको प्रगति समीक्षा गरियो। सबै मन्त्रालय तथा निकायले सचिव बैठकले गरेका निर्णय कार्यान्वयनलाई उच्च प्राथमिकता दिई कार्यान्वयनको प्रगति विवरण प्रत्येक महिनाको २७ गतेभित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनिवार्य रूपमा पठाउने।

२. आर्थिक वर्ष २०८२/८३ को मन्त्रालय/निकायगत कार्ययोजना तथा माइलस्टोन कार्यान्वयनको वार्षिक प्रगति समीक्षा गरियो। सबै मन्त्रालय तथा निकायले चालु आर्थिक वर्ष २०८३/८४ को कार्ययोजनाका क्रियाकलाप र माइलस्टोनलाई तोकिएको समयभित्रै सम्पन्न गर्ने व्यवस्था मिलाउने।

३. सबै मन्त्रालयहरूलाई उपलब्ध गराइएको नागरिकले अनुभूति गर्ने तत्काल सुधार गर्नुपर्ने विषय क्षेत्रका अवधारणापत्रलाई आवश्यकता अनुसार परिमार्जन गरी यथाशिघ्र कार्यान्वयन गर्ने र कार्यान्वयनको प्रगति विवरण नियमित रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

४. प्रत्येक वर्ष भदौ २२ गते मनाउने गरिएको निजामती सेवा दिवसलाई संघ, प्रदेश तथा स्थानीय तहमा मनाउने सम्बन्धमा भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले कार्यक्रमको खाका तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा तीन दिनभित्र पेश गर्ने र तत्पश्चात मुख्य सचिवको संयोजकत्वमा बैठक बसी कार्यक्रमलाई अन्तिम रूप दिने।

५. सम्पत्ति शुद्धीकरण निवारणका लागि FATF ले पहिचान गरेका सुधार गर्नु पर्ने विषयलाई लक्षित गर्दै ग्रे-लिष्टबाट बाहिर निस्कनका लागि तर्जुमा गरिएको कार्ययोजनाको सम्बद्ध निकायले प्रभावकारी र समयबद्ध कार्यान्वयन गर्ने। यस प्रयोजनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिवको संयोजकत्वमा गठित प्रगति अनुगमन तथा प्रतिवेदन टोलीसँग सम्बन्धित मन्त्रालय, निकाय तथा नियामक संस्थाले निरन्तर समन्वय, संवाद एवम् छलफल गर्नुका साथै आवश्यक तथ्याङ्क, सूचना तथा जानकारी उपलब्ध गराउने।

६. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले समय-समयमा जारी गरेका शासकीय सुधारसम्बन्धी कार्यविधि, मार्गदर्शन, निर्देशन तथा परिपत्र आदिको कार्यान्वयनका लागि सबै मन्त्रालय/निकायले नियमित प्रगति समीक्षा गरी निरन्तर रुपमा गर्नु पर्ने प्रकृतिका कार्यहरू सोहीअनुसार गर्ने र कार्यान्वयन हुन बाँकी विषयहरू उच्च प्राथमिकताका साथ कार्यान्वयन गरी सोको प्रगति विवरण उपलब्ध गराउने। शासकीय सुधारका विषयलाई केवल प्रक्रियागत अनुपालनमा सीमित नराखी सेवा प्रवाह, विकास व्यस्थापन, पारदर्शिता, उत्तरदायित्व, डिजिटल कार्यप्रवाह तथा सार्वजनिक खर्चको प्रभावकारितासँग आबद्ध गरी कार्यान्वयन गर्ने।

मुख्य सचिव

७. कुनै मन्त्रालय वा निकायले कार्यसम्पादन गर्दा उत्पन्न नीतिगत वा प्रशासनिक समस्या समाधानका लागि अन्य मन्त्रालय वा निकायसँग समन्वय गर्नु पर्ने भएमा सम्बन्धित सचिवहरूबीचको आपसी समन्वयबाट यथाशीघ्र समाधान गर्ने र समाधान हुन नसकेका विषयमा आवश्यक समन्वय र निर्णयका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने।

८. आर्थिक वर्ष २०८३/८४ लाई **"कानून निर्माण तथा सुधार वर्ष (Law Reform Year)"** का रूपमा कार्यान्वयन गर्ने सन्दर्भमा प्रचलित कानूनहरूको समसामयिक परिमार्जन, खारेजी तथा नयाँ कानून निर्माण लगायतका कार्यसम्पादन गर्न कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा गठित उच्चस्तरीय कानून सुधार समिति, अध्ययन समिति तथा विषयगत कार्यदलहरूलाई सबै मन्त्रालय तथा निकायले सहयोग, सहजीकरण गर्नुका साथै आवश्यक तथ्याङ्क तथा सूचना उपलब्ध गराउने।

९. नेपालको संविधानको धारा ५३ बमोजिम नेपाल सरकारको वार्षिक प्रतिवेदन तयार गर्नका लागि आवश्यक पर्ने विवरण सबै मन्त्रालय/निकायहरूले तोकिएको समयावधि (२०८३ भदौ ८ गते) भित्रै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउने।

१०. चालु आ.व. को नेपाल सरकारको नीति तथा कार्यक्रममा समावेश भएको "शुन्य दिन खरिद नीति" अन्तर्गत हालसम्म खरिद प्रक्रिया प्रारम्भ नभएका कार्यक्रम/आयोजनाहरूको सम्बन्धित मन्त्रालय/निकायहरूले तत्काल सार्वजनिक खरिद प्रक्रिया अगाडि बढाउने।

२०८३।५।१

मुख्य सचिव